# प्यूठान नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

## औषधी तथा सर्जिकल सामाग्री खरीद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

**सूचना नं. २५/०७७/७८**

सूचना प्रकाशित मिति २०७८।२।२

यस कार्यालयमा सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र दरभाउपत्र फाराम दस्तुर रु १,०००।- तिरी दरभाउपत्र दाता वा निजको अधिकृत प्रतिनिधिले दरभाउपत्र खरीद गर्न फर्म दर्ता प्रमाणपत्र, औषधी व्यवसायी प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मू.अ. कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/७७ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी रु १०।- को टिकट टाँस गरी दरभाउपत्र फाराम खरीदका लागि यस कार्यालयमा निवेदन दिनुपर्ने छ ।

शर्तहरुः

१. सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म दरभाउपत्र फाराम बिक्री वितरण हुनेछ । बिक्री भैसकेको दरभाउपत्रहरु आर्थिक र प्राविधिक प्रस्ताव समेत खाममा सिलबन्दी गरी १६ औं दिनको १२:०० वजेसम्म र विदा परेमा विदाको दिनको भोलिपल्ट यस कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ ।

२. दर्ता भएका सिलबन्दी दरभाउपत्र फिर्तालिन चाहेमा दर्तागर्ने अन्तिम समयको २४ घण्टा पहिले फिर्ताको लागि निवेदन पेश गर्नुपर्नेछ ।

३. दरभाउपत्रको लागि लागत अनुमान रकम मूल्य अभिबृद्धि कर समेत रु १०,३७७३२।३३ को नियमानुसार धरौटी वापतको रकम रु २६,०००।०० को मान्यता प्राप्त बैंकबाट जारी भएको ७५ दिनको म्याद भएको बैंक ग्यारेन्टी वा ने.बैं.लि. प्यूठानमा प्यूठान नगरपालिकाको धरौटी खाता नं. २८१०३००००३००००००००१ मा दाखिला गरेको दोस्रो प्रति भौचर पेश गर्नु पर्नेछ ।

४. खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन विदा परेमा उक्त कार्यहरु भोलीपल्ट कार्यालय खुलेको दिन हुनेछ ।

५. एक फर्मको नाममा खरिद गरेको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

६. शिलबन्दी दरभाउपत्रमा कवोल गरेको दररेट अंक र अक्षर दुबैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ । केरमेट गरेको ठाँउमा दायाँ बायाँ दस्तखत गरेको हुनु पर्नेछ ।

७. मूल्य अभिबृद्धि कर लाग्ने सामानको लागि मूल्य अभिबृद्धि कर प्रति इकाई मुल्यमा समावेश गर्नु पर्नेछ ।

८. औषधी सप्लाई गर्दा WHO GMP Certified Company बाट उत्पादित औषधी मात्र सप्लाई गर्नु पर्नेछ । बोतलमा सप्लाई हुने औषधीहरु प्लाष्टिक बोतल र चक्की स्ट्रीपमा हुनु पर्ने छ । सप्लाई हुने औषधीहरुको प्याकिङ बाहिर उत्पादन मिति, म्याद गुज्रने मिति, ब्याच नं. तथा Supply for Ministry of Health Nepal वा (नेपाल सरकारबाट निःशूल्क वितरित) भन्ने वाक्यांश प्रत्येक Strips& Bottle मा छाप लगाएको हुनु पर्नेछ ।

९. आशयपत्र प्राप्त गरे पश्चात सम्झौताको लागि समय अभावका कारण १ हप्ताको अवधि दिईनेछ र औषधीहरु यस कार्यालयमा २०७८ जेठ मसान्त भित्र सप्लाई गरी सक्नु पर्नेछ ।

१०. औषधी दाखिला हुन आउँदासम्म औषधीको म्याद कम्तीमा १८ महिना हुनु पर्नेछ । १८ महिना भन्दा कम Expiry Date भएका औषधीहरुको हकमा Self Life को कम्तीमा ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ ।

११. दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.व. का लागि भएकाले कुनै प्रकारको मूल्यबृद्धिलाई स्वीकार गरिने छैन ।

१२. दरभाउपत्रमा माग गरिएको परिमाण थपघट गर्ने, दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आँशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित छ ।

१३. दरभाउपत्र फाराममा प्रत्येक औषधीको आइटम वाइज उत्पादन कम्पनीको नाम (WHO GMP Certified Company) अनिवार्य रुपले भर्नुपर्नेछ । साथै औषधी बिक्री वितरण दर्ता प्रमाणपत्र, उत्पादन अनुज्ञापत्र, विदेशी औषधीको हकमा Letter of Recommendation For Import of Drugs आदि प्रमाणपत्रहरु पनि पेश हुनु पर्नेछ । यसरी सम्पूर्ण आइटमहरुको नमूना र सोही अनुसार कागजपत्र पेश नभएको फर्मको दरभाउपत्र मूल्यांकन प्रक्रियामा समावेश गरिने छैन । जुन उत्पादन कम्पनीको नमूना र प्रमाण (Sample of Document) पेश गरेको हो सोही अनुसारको औषधी सप्लाई गर्नुपर्नेछ ।

१४. सार्वजनिक खरीद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार दरभाउदाताको खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको पेसा वा ब्यवसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणापत्र पेश गर्नु पर्नेछ ।

१५. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली २०६४, तथा प्रचलित ऐन नियमानुसार हुनेछ ।

२०७८।२।२

थानेश्वर भण्डारी
(प्रमुख प्रशासकीय अधिकृत)

प्रमुख प्रशासकीय अधिकृत